फेदाप गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोक्लावाङ, तेह्रथुम
कोशी प्रदेश,नेपाल

प.सः-२०८०/०८१
च.नः- १६४६

मितिः-२०८०/११/१०

सुचना ! सुचना !! सुचना !!!

विषयः- ७५% अनुदानमा चिस्यान केन्द्र निर्माण कार्यक्रमका लागि आवेदन पेश गर्ने सम्बन्धी सुगना ।

यस फेदाप गाउँपालिकामा आर्थिक वर्ष २०८०/०८१ मा प्रदेश सरकार उधोग, कृषि तथा सहकारी मन्त्रालयवाट स्थानीय तहहरुमा सशर्त अनुदान कार्यक्रम अन्तर्गत ७५% अनुदानमा चिस्यान केन्द्र स्थापना गर्ने कार्यक्रम रहेको र उक्त कार्यक्रम अन्तर्गत दुध चिस्यान केन्द्रका लागि उपयुक्त चिलिङ्ग भ्याट,मिल्क एनलाईजर,जेनेरेटर,तथा अन्य एक्सेसरी सामान खरिद गरि जडान गर्नुपर्ने व्यवस्था रहेको साथै यस कार्यक्रम अन्तर्गत चिलिङ्ग भ्याट जडानका लागि टहरो समेत निर्माण गर्न सकिने व्यवस्था भएकोले यस गाउँपालिकाका सबै वडाका ईच्छुक कृषक/कृषक समुह/कृषि फर्म /कृषि सहकारी मार्फतका कृषकहरुलाई तपसिल अनुसारको कागजात सहित यो सुचना प्रकाशन भएको मितिले १५(पन्ध) दिन भित्र आवेदन दिन हुन यो सुचना प्रकाशन गरिएको छ ।

आवेदनसाथ संलग्न कागजातहरु:-

१,रु, १०को टिकट टाँसेको निवेदन ।
२, आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
३, निजी फर्मको हकमा जग्गा धनी प्रमाणपुर्जाको प्रतिलिपी,लिजमा लिएको भए सम्झौता पत्रको प्रतिलिपी ।
४, समूह/सहकारीको हकमा कार्य समितिको निर्णयको प्रतिलिपी ।
५, सहकारीको हकमा अघिल्लो आ.व.को लेखा परीक्षण प्रतिवेदन र करचुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
६, कृषि समुह/कृषि सहकारी हकमा गत आ.व.को लेखा परीक्षण प्रतिवेदन र करचुक्ता प्रमाणपत्रको प्रतिलिपी
७,वडा कार्यालयको सिफारिस पत्र ।

नबिन कार्की
पशु सेवा शाखा

विष्णुप्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत

फेदाप गाउँकार्यापालिकाको कार्यालय, पोक्लावाङ । फोन न.: ९८५२०८०६००
ईमेल:info@phedapmun.gov.npवेवपेज: www.phedapmun.gov.np
फेसवुक: www.facebook.com/fedap.ruralmunicipality